# Mercy Health Services का गोपनीयतासम्बन्धी अभ्यासहरूको सूचना

**यस सूचनामा तपाईंको चिकित्सकीय जानकारी कसरी प्रयोग तथा खुलासा गरिन सकिन्छ र यो जानकारी तपाईं कसरी प्राप्त गर्न सक्नुहुन्छ भन्ने कुरा उल्लेख गरिएको छ। कृपया यो सूचना ध्यानपूर्वक पढ्नुहोस्।**

**कानुनअबमोजिम Mercy Health Services** (MHS) ले तपाईंको शारीरिक वा मानसिक स्वास्थ्य, तपाईंले प्राप्त गर्नुभएको स्वास्थ्य उपचार वा सो उपचारबापतको भुक्तानीसँग सम्बन्धित पहिचान खुल्ने जानकारीको गोपनीयता अनिवार्य रूपमा कायम राख्नु पर्ने हुन्छ। कानुनले तोकेबमोजिम यस सूचनाले तपाईंको स्वास्थ्य जानकारीका सन्दर्भमा तपाईंलाई तपाईंका अधिकार, हाम्रा कानुनी दायित्व तथा गोपनीयतासम्बन्धी अभ्यासहरूका बारेमा जानकारी उपलब्ध गराउँछ। यस सूचनामा MHS ले तपाईंको स्वास्थ्यसम्बन्धी जानकारी कसरी प्रयोग वा खुलासा गर्न सक्छ भन्ने बारेमा पनि व्याख्या गरिएको छ। यस सूचनामा उल्लिखित गोपनीयतासम्बन्धी अभ्यासहरू MHS सँग सम्बद्ध सबै निकाय, स्वास्थ्यकर्मी, कर्मचारी, चिकित्सक तथा चिकित्सा कर्मचारी, प्रशिक्षार्थी, विद्यार्थी तथा यसको अन्त्यमा सूचीकृत संस्थाका स्वयंसेवकहरूले अनिवार्य रूपमा पालना गर्ने छन्। यसका अतिरिक्त, यी संस्था, निकाय वा व्यक्तिहरूले यस सूचनामा वर्णन गरिएअनुसार वा कानुनले अनुमति दिइएअनुसार उपचार, भुक्तानी र स्वास्थ्य सेवा सञ्चालनका उद्देश्यहरूका लागि सङ्गठित स्वास्थ्य सेवा व्यवस्थाको हिस्साको रूपमा एक-अर्कासँग र MHS सँग सम्बद्ध अन्य स्वास्थ्य संस्थाहरूसँग स्वास्थ्यसम्बन्धी जानकारी आदान-प्रदान गर्न सक्ने छन्।

## हामीले तपाईंको चिकित्सकीय जानकारी कसरी प्रयोग तथा खुलासा गर्न सक्छौँ

MHS ले तपाईंको लिखित सहमति (जसलाई अधिकार पत्र भनिन्छ) बिना नै निम्न उदेश्यहरूसँग सम्बन्धित कामका लागि तपाईंको चिकित्सकीय जानकारी प्रयोग वा खुलासा गर्न सक्ने छ:

- **उपचार:** उपचार भनेको परामर्शका लागि विभिन्न स्वास्थ्य सेवा प्रदायक र विशेषज्ञहरूका बिचमा तपाईंको स्याहारका लागि गरिने समन्वय हो। उदाहरणका लागि, तपाईंको भाँचिएको खुट्टाको उपचार गर्ने विशेषज्ञले तपाईंलाई मधुमेह छ कि छैन भन्ने कुरा थाहा पाउनु पर्ने हुन सक्छ किनभने मधुमेहले निको हुने प्रक्रियालाई ढिलो बनाउन सक्छ। त्यसकारण, तपाईंलाई मधुमेह जस्ता जटिलता निम्त्याउन सक्ने स्वास्थ्य समस्याहरू छन् कि छैनन् भन्ने कुरा थाहा पाउन विशेषज्ञले तपाईंका प्राथमिक स्वास्थ्य सेवा प्रदायकबाट प्राप्त भएका मेडिकल रेकर्डहरू हेर्न सक्नुहुन्छ।
- **भुक्तानी:** भुक्तानी भन्नाले तपाईंका बीमा लाभहरूको स्तर यकिन गर्ने, उपचार गर्न तथा विशेष परीक्षणका लागि सिफारिस गर्न अनुमति माग्ने र बिलिङ तथा प्रशासनिक प्रयोजनका लागि गरिने कार्यहरूलाई जनाउँछ। उदाहरणका लागि, प्रस्तावित उपचार विधि बीमा अन्तर्गत पर्छ वा पर्दैन भन्ने कुरा निर्धारण गर्नका लागि MHS ले तपाईंको चिकित्सकीय अवस्थाका बारेमा तपाईंको बीमा योजनालाई जानकारी उपलब्ध गराउनु पर्ने हुन सक्छ।
- **स्वास्थ्य सेवा सञ्चालन:** स्वास्थ्य सेवा सञ्चालन भन्नाले MHS ले गर्ने पर्ने गुणस्तरको सुनिश्चितता, बिरामीको हेरचाहको व्यवस्थापन, लेखा परीक्षण र चिकित्सकको समीक्षालगायतका प्रशासनिक तथा सञ्चालनसम्बन्धी गतिविधिहरूलाई जनाउँछ। उदाहरणका लागि, MHS ले तपाईंको स्याहारसुसारमा खटिएका हाम्रा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्न तपाईंको चिकित्सकीय जानकारी प्रयोग गर्न सक्ने छ।
- **स्वास्थ्यसम्बन्धी जानकारीको आदानप्रदान:** कानुनले अनुमति दिएबमोजिम MHS ले आफूसँग आबद्ध स्वास्थ्यसम्बन्धी जानकारी आदानप्रदान (Health Information Exchange, HIE) प्रणालीमार्फत तपाईंका बारेमा प्राप्त वा तयार गरिएका जानकारी अन्य स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्य संस्थाहरूलाई उपलब्ध गराउन सक्ने छ। HIE भनेको अस्पताल, चिकित्सकको कार्यालय, प्रयोगशाला, रेडियोलोजी सेन्टर र अन्य स्वास्थ्य सेवा प्रदायक जस्ता सहभागी संस्थाहरूका बिचमा सुरक्षित रूपमा विद्युतीय माध्यमबाट चिकित्सकीय जानकारी आदानप्रदान गर्न मद्दत गर्ने प्राविधिक संरचना हो। HIE मार्फत जानकारी आदानप्रदान गर्दा MHS र अन्य सहभागी स्वास्थ्य सेवा प्रदायकहरूलाई तपाईंको चिकित्सकीय जानकारीमा छिटो पहुँच उपलब्ध गराउँछ जसबाट उनीहरूले थप सुसूचित भएर उपचारका निर्णयहरू लिन र तपाईंको स्याहारको समन्वय गर्न पाउँछन्। MHS राज्यव्यापी HIE - Chesapeake Regional Information System for our Patients, Inc. (CRISP) मा सहभागी छ। छिटो पहुँच तथा राम्रो स्याहार समन्वय उपलब्ध गराउन र थप सुसूचित निर्णयहरू लिनमा सेवा प्रदायक तथा जनस्वास्थ्य अधिकारीहरूलाई सहयोग गर्नका निम्ति कानुनले अनुमति दिएबमोजिम तपाईंको स्वास्थ्यसम्बन्धी जानकारी यस HIE लाई उपलब्ध गराइने छ। तपाईं CRISP लाई 1-877-952-7477 मा फोन गरेर वा हुलाक, फ्याक्स वा यसको वेबसाइट www.crisphealth.org मार्फत 'बाहिरिने फाराम' भरी पेस गरेर आफू बाहिरिने निर्णय गर्न र CRISP मार्फत आफ्नो स्वास्थ्यसम्बन्धी जानकारी खोज्न नमिल्ने बनाउन सक्नुहुन्छ। तपाईं CRISP बाट बाहिरिनुभयो भने पनि कानुनले अनुमति दिएबमोजिम वा अनिवार्य गरेबमोजिम तपाईंको निश्चित स्वास्थ्यसम्बन्धी जानकारी HIE मार्फत अझै पनि खोज्न मिल्ने हुन सक्छ। उदाहरणका लागि, CRISP मा सहभागी स्वास्थ्य सेवा प्रदायकहरूले अझै पनि प्रयोगशालाका नतिजा, रेडियोलोजी रिपोर्ट र अन्य डेटाहरूमा पहुँच राख्न सक्ने छन् र उनीहरूले यो जानकारी CRISP को सुरक्षित म्यासेजिङ सेवामार्फत तपाईंलाई उपचारका लागि रिफर गरिएका अन्य प्रदायकहरूलाई पठाउन सक्ने छन्। यसका अतिरिक्त, मेरिल्याण्ड प्रेस्क्रिप्सन औषधि अनुगमन कार्यक्रमको हिस्साका रूपमा जनस्वास्थ्य रिपोर्टिङ र नियन्त्रित खतरनाक पदार्थसम्बन्धी जानकारी CRISP मार्फत अझै पनि सेवा प्रदायकहरूलाई उपलब्ध हुने छन्। MHS आफ्नो विद्युतीय मेडिकल रेकर्ड (Electronics Medical Records, EMR) प्रणाली मार्फत अन्य HIE मा पनि सहभागी छ। यसबाट MHS ले उपचार, भुक्तानी वा स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी प्रयोजनका लागि तपाईंको चिकित्सकीय जानकारी आदानप्रदान गर्न पाउँछ। तपाईंसँग यी अन्य HIE बाट बाहिरिने अधिकार पनि हुन्छ। कसरी बाहिरिने भन्ने बारेमा थप जानकारीका लागि MHS का गोपनीयता अधिकारीलाई सम्पर्क गर्नुहोस्, जसको सम्पर्क जानकारी तल दिइएको छ।
- **सेवास्थल डाइरेक्टरी:** तपाईं मर्सी मेडिकल सेन्टर (Mercy Medical Center) वा स्टेला मारिस (Stella Maris) मा भर्ना हुनुभएको छ भने MHS ले तपाईंको नाम, स्थान, सामान्य स्वास्थ्य अवस्था र धार्मिक सम्बद्धतासहित तपाईंका बारेमा केही सीमित जानकारी आफ्नो सेवास्थल डाइरेक्टरीमा समावेश गर्न सक्छ। MHS ले पादरी वा पुजारीलाई वा, धार्मिक सम्बद्धता बाहेक, तपाईंको नाम लिएर अनुरोध गर्ने व्यक्तिहरूलाई डाइरेक्टरीमा भएको जानकारी खुलासा गर्न सक्छ। तपाईं सेवास्थलको डाइरेक्टरीमा तपाईंको जानकारी समावेश गरिएकोमा आपत्ति जनाउनुहुन्छ भने तपाईंले दर्ताको समयमा दर्ता कर्मचारीलाई बताउनु पर्छ, 410-332-9801 मा भर्ना कार्यालयलाई सम्पर्क गर्नु पर्छ वा आफ्नो स्याहारकर्तालाई आफ्ना प्राथमिकताहरूका बारेमा स्पष्ट पार्नु पर्छ। तपाईं उपलब्ध हुनुहुन्न भने MHS ले तपाईंको जानकारी डाइरेक्टरी समावेश गर्नु तपाईंको सर्वोत्तम हितमा छ कि छैन भनेर निर्धारण गर्न व्यावसायिक निर्णय प्रयोग गर्ने छ।
- **तपाईंको स्याहारमा संलग्न हुने परिवारका सदस्य र अन्य व्यक्तिहरू:** तपाईंले आपत्ति जनाउनुभएन भने MHS ले तपाईंको चिकित्सकीय जानकारी परिवारका सदस्यहरू वा तपाईंको चिकित्सा स्याहारमा संलग्न वा तपाईंको स्याहारका लागि भुक्तानी गर्नमा मद्दत गर्ने अन्य व्यक्तिहरूलाई खुलासा गर्न सक्छ तर त्यसका लागि सो जानकारी तपाईंको स्याहारमा उक्त व्यक्तिको संलग्नतासँग सम्बन्धित हुनु पर्छ। MHS ले तपाईंको तर्फबाट

चिकित्सा सामग्री, एक्स-रे वा प्रेस्क्रिप्सन अनुसारका औषधिहरू लिन पनि अनुमति दिन सक्छ। तपाईं उपलब्ध हुनुहुन्न भने MHS ले तपाईंको सर्वोत्तम हितमा के हुन्छ भनेर निर्धारण गर्न व्यावसायिक निर्णय प्रयोग गर्ने छ।

- **अपोइन्टमेन्ट रिमाइन्डर र उपचारका विकल्पहरू:** MHS ले तपाईंको अपोइन्टमेन्टका बारेमा याद दिलाउन र उपचारका अन्य विकल्पहरू र स्वास्थ्यसम्बन्धी अन्य लाभ तथा सेवाहरूका बारेमा जानकारी गराउन तपाईंलाई सम्पर्क गर्न सक्छ।
- **आर्थिक सहयोग सङ्कलन:** MHS ले मर्सी हेल्थ फाउन्डेसन (Mercy Health Foundation) लाई तपाईंको जनसांख्यिकीय जानकारी, तपाईंले MHS बाट सेवाहरू प्राप्त गर्नुभएका मितिहरू, तपाईंले स्याहार प्राप्त गर्नुभएको MHS विभाग वा प्रदायक, तपाईंको उपचार गरिरहनुभएका सेवा प्रदायकको नाम, तपाईंको उपचारको नतिजा र तपाईंको बीमाको स्थिति खुलासा गर्न सक्छ। हाम्रो स्वास्थ्य सेवाको लक्ष्यमा सहायता गर्न हाम्रो आर्थिक सहयोग सङ्कलन प्रयासहरूको हिस्साको रूपमा तपाईंलाई सम्पर्क गर्न सकिन्छ। तपाईंसँग मर्सी हेल्थ फाउन्डेसनलाई 410-332-9873 मा वा updatemyrecord@mdmercy.com मा सूचित गरेर यस्ता सञ्चारहरू प्राप्त गर्नबाट बाहिरिने अधिकार हुन्छ।.
- **अङ्ग तथा तन्तु दान:** MHS ले अङ्ग तथा तन्तु खरिद र दान गर्ने संस्थाहरूलाई तपाईंको चिकित्सकीय जानकारी खुलासा गर्न सक्छ।
- **सैन्य अधिकारी:** तपाईं अमेरिकी सुरक्षाबल वा विदेशी सैन्यबलको सदस्य हुनुहुन्छ भने MHS ले उपयुक्त सैन्य कमाण्डका अधिकारीहरूलाई तपाईंको चिकित्सकीय जानकारी खुलासा गर्न सक्छ।
- **श्रमिकको क्षतिपूर्ति:** MHS ले श्रमिकको क्षतिपूर्तिसम्बन्धी कानुनहरूको पालना गर्नका लागि चिकित्सकीय जानकारी खुलासा गर्न सक्छ।
- **जनस्वास्थ्य क्रियाकलापहरू:** MHS ले निम्न लगायतका जनस्वास्थ्य उद्देश्यहरूका लागि तपाईंको चिकित्सकीय जानकारी जनस्वास्थ्य अधिकारीहरूलाई खुलासा गर्न सक्छ: रोग, चोटपटक वा अपाङ्गता रोक्ने वा नियन्त्रण गर्ने; बाल दुर्व्यवहार वा बेवास्ताका बारेमा रिपोर्ट गर्ने; अमेरिकी खाद्य तथा औषधि प्रशासनलाई प्रतिकूल घटनाहरू वा उत्पादनसम्बन्धी खराबीहरूका बारेमा रिपोर्ट गर्ने; र रोगको सम्पर्कमा आएका वा रोग लाग्ने वा फैलाउने जोखिममा रहेका हुन सक्ने व्यक्तिहरूलाई सूचित गर्ने।
- **स्वास्थ्य निगरानी:** MHS ले तपाईंको चिकित्सकीय जानकारी स्वास्थ्य सेवा प्रणाली, सरकारी कार्यक्रमहरू र नागरिक अधिकार कानुनहरूको कार्यान्वयनको निगरानी गर्ने संघीय वा राज्य एजेन्सीहरूलाई लेखा परीक्षण, छानबिन वा निरीक्षणहरूका लागि खुलासा गर्न सक्छ।
- **कानुनी कार्यवाहीहरू:** MHS ले अदालतको आदेश, समन वा अन्य कानुनी प्रक्रियाको जवाफमा वा आफूविरुद्ध चलेको मुद्दामा आफ्नो बचाउ गर्न तपाईंको चिकित्सकीय जानकारी अदालत र वकिलहरूलाई खुलासा गर्न सक्छ।
- **कानुन प्रवर्तन:** अपराधी वा फरार व्यक्तिको खोजी वा आपराधिक अनुसन्धानमा सहयोग गर्न कानुनले तोेक वा अनुमति दिएबमोजिम MHS ले तपाईंको चिकित्सकीय जानकारी कानुन प्रवर्तन अधिकारीहरूलाई खुलासा गर्न सक्छ।
- **कोरोनर, चिकित्सा परीक्षक तथा दाहसंस्कार निर्देशकहरू:** MHS ले मृत व्यक्तिको पहिचान गर्न, मृत्युको कारण निर्धारण गर्न र अन्त्येष्टि निर्देशकहरूलाई आफ्नो कर्तव्य पूरा गर्नमा मद्दत गर्न तपाईंको चिकित्सकीय जानकारी खुलासा गर्न सक्छ।
- **राष्ट्रिय सुरक्षा:** MHS ले तपाईंको चिकित्सकीय जानकारी कानुनले अनुमति दिएबमोजिम गुप्तचर वा अन्य राष्ट्रिय सुरक्षा क्रियाकलापहरूका लागि अधिकृत संघीय अधिकारीहरूलाई खुलासा गर्न सक्छ।
- **कैदीबन्दी र हिरासतमा रहेका व्यक्तिहरू:** तपाईंलाई सुधार गृहमा कैदीको रूपमा हुनुहुन्छ वा तपाईं कानुन प्रवर्तन निकायको हिरासतमा हुनुहुन्छ भने MHS ले तपाईंको चिकित्सकीय जानकारी कानुनले तोके वा अनुमति दिएबमोजिम सुधार गृह वा कानुन प्रवर्तन अधिकारीलाई जारी गर्न सक्छ।
- **अनुसन्धान:** MHS ले प्रचलित कानुनका गोपनीयतासम्बन्धी प्रावधानहरूद्वारा निर्धारण गरिएका विशिष्ट नियमहरूअन्तर्गत अनुसन्धान उद्देश्यहरूका लागि तपाईंको चिकित्सकीय जानकारी प्रयोग वा खुलासा गर्न सक्छ। बिरामीको सुरक्षा, कल्याण र गोपनीयता कायम राख्नका लागि तयार गरिएको विशेष समीक्षा प्रक्रियामार्फत अनुमोदन गरिएको खण्डमा MHS ले तपाईंको चिकित्सकीय जानकारी अनुसन्धानकर्ताहरूलाई प्रयोग वा खुलासा गर्न सक्छ।
- **स्वास्थ्य वा सुरक्षालाई खतरा:** प्रचलित कानुन र नैतिक आचरणद्वारा अनुमति दिइएअनुसार, MHS लाई, असल नियतका साथ, तपाईं वा अरूलाई गम्भीर हानि रोक्नका लागि चिकित्सकीय जानकारी प्रयोग र खुलासा गर्न आवश्यक पर्छ भन्ने लागेको खण्डमा यसले चिकित्सा जानकारी प्रयोग र खुलासा गर्न सक्छ। हामी तपाईंको जानकारी विपद् राहत प्रयास वा आपत्कालीन परिस्थितिहरूमा पनि साझा गर्न सक्छौं।
- **व्यावसायिक सहयोगीहरू:** MHS ले आफ्नो तर्फबाट बिलिङ वा परामर्श सेवाहरू जस्ता सेवाहरू उपलब्ध गराउने "व्यावसायिक सहयोगीहरू" भनेर चिनिने बाहिरी व्यवसायहरूलाई तपाईंको चिकित्सकीय जानकारी खुलासा गर्न सक्छ।
- **लागूपदार्थ दुर्व्यसनको उपचारसम्बन्धी रेकर्डहरू:** तपाईंका केही मेडिकल रेकर्डहरू 42 C.F.R. भाग 2 अन्तर्गत हुन सक्छन् जुन निश्चित लागूपदार्थ दुर्व्यसनको उपचारसम्बन्धी रेकर्डहरूमा लागू हुन्छ ("भाग 2 रेकर्डहरू")। तपाईंको वैध सहमति प्राप्त नगरिकन MHS ले उपचार, भुक्तानी वा स्वास्थ्य सेवा सञ्चालन उद्देश्यहरू (TPO) का लागि भाग 2 रेकर्डहरू प्रयोग र/वा खुलासा गर्ने छैन। MHS ले गोपनीयतासम्बन्धी नियमअनुसार TPO का लागि अन्य समेटिएका संस्थाहरूलाई त्यस्ता रेकर्डहरू पुन: खुलासा गर्न सक्छ। नियमहरूअन्तर्गत गरिएको कुनै पनि खुलासा अनिवार्य रूपमा खुलासाको उद्देश्य पूरा गर्न आवश्यक पर्ने जानकारीमा सीमित हुनु पर्छ। MHS ले चिकित्सकीय आकस्मिक अवस्थामा, तपाईंको सहमतिबिना जनस्वास्थ्य वा स्वास्थ्य निगरानी अधिकारीहरूलाई अनुसन्धान उद्देश्यहरूका लागि र गोपनीयतासम्बन्धी निश्चित मापदण्डहरूमा सहमति जनाउने हाम्रा सेवा प्रदायकहरूलाई भाग 2 रेकर्डहरू प्रयोग/खुलासा गर्न सक्छ। MHS ले तपाईंको सहमति वा अदालतको आदेशबिना तपाईंको विरुद्धमा संघीय, राज्य वा स्थानीय अधिकारीद्वारा सञ्चालित देवानी, फौजदारी, प्रशासनिक वा विधायी कार्यवाहीमा वा तपाईंको छानबिन गर्न वा तपाईंको विरुद्धमा मुद्दा चलाउन भाग 2 रेकर्डहरू प्रयोग/खुलासा गर्ने वा त्यस्ता रेकर्डहरूको विषयवस्तुको जानकारी गराउने बयान उपलब्ध गराउने छैन। SUD परामर्श नोटहरू प्रयोग र खुलासा गर्न पनि छुट्टै वैध सहमति आवश्यक पर्छ। MHS द्वारा गरिने प्रत्येक खुलासामा सहमतिको प्रति र/वा सहमतिको कार्यक्षेत्रको स्पष्ट व्याख्या समावेश हुने छ। भाग 2 रेकर्डहरूसँग सम्बन्धित रहेकोले तपाईंसँग तपाईंको सहमतिमा गरिएका खुलासाहरू र विद्युतीय स्वास्थ्य रेकर्डमार्फत गरिएका TPO खुलासाहरूसहित अनुरोधको मितिभन्दा पहिले तीन वर्षमा गरिएका खुलासाहरू समेटिएका रेकर्डहरूको खुलासाको लेखाजोखा अनुरोध गर्ने अधिकार, तपाईंद्वारा पूरै भुक्तानी गरिएको सेवा(हरू) का लागि स्वास्थ्य योजनाहरूसहित खुलासाहरूमा प्रतिबन्ध लगाउन अनुरोध गर्ने अधिकार, आर्थिक सहयोग सङ्कलनका लागि गरिने सञ्चारहरूबाट बाहिरिने अधिकार, उल्लङ्घनका सूचनाहरू प्राप्त गर्ने अधिकार र भाग 2 को कथित उल्लङ्घनका लागि उजुरीहरू दर्ता गर्ने अधिकार हुन्छ। गोपनीयतासम्बन्धी नियमअनुसार खुलासा गरिएका भाग 2 रेकर्डहरू पुन: खुलासा हुन सक्छन् र त्यसरी खुलासा भइसकेपश्चात् तिनीहरू गोपनीयतासम्बन्धी नियमद्वारा संरक्षित हुँदैनन्।

## तपाईंको अनुमति आवश्यक पर्ने प्रयोग तथा खुलासाहरू

यस सूचनामा वर्णन नगरिएको चिकित्सकीय जानकारीको प्रयोग तथा खुलासा तपाईंको लिखित अनुमति लिएर मात्र गरिने छ। उदाहरणका लागि, सीमित अपवादहरू बाहेक, MHS ले निम्न कुराहरू गर्नुअघि अनिवार्य रूपमा तपाईंको अनुमति प्राप्त गर्नु पर्छ: साइकोथेरापी नोटहरू र लागुपदार्थ दुर्व्यसनको परामर्श नोटहरू प्रयोग र खुलासा गर्ने; मार्केटिंग उद्देश्यहरूका लागि तपाईंको चिकित्सकीय जानकारी प्रयोग वा खुलासा गर्ने (प्रत्यक्ष भेटमा हुने सञ्चार वा MHS द्वारा तपाईंलाई प्रदान गरिने थोरै मूल्यको प्रवर्द्धनात्मक उपहारहरू बाहेक); वा तपाईंको चिकित्सकीय जानकारीको सट्टामा मूल्य पर्ने कुनै पनि कुरा बिक्री गर्ने वा प्राप्त गर्ने। तपाईंले MHS लाई आफ्नो चिकित्सकीय जानकारी प्रयोग गर्ने वा खुलासा गर्ने अधिकार दिनुभयो भने तपाईंसँग तल दिइएको सम्पर्क जानकारी भएको MHS का गोपनीयता अधिकारीलाई लिखित सूचना उपलब्ध गराएर जुनसुकै बेला पनि सो अनुमतिलाई रद्द गर्ने अधिकार हुन्छ। तपाईंको रद्द गर्ने कार्य प्राप्त भएपश्चात् लागू हुने छ तर तपाईंको अनुमति लागू रहेको समयमा MHS ले गरेका प्रयोग वा खुलासाहरूमा त्यसको कुनै असर हुने छैन।

## तपाईंको चिकित्सकीय जानकारीको सम्बन्धमा तपाईंका अधिकारहरू

MHS ले तपाईंको राखेको चिकित्सकीय जानकारीको सम्बन्धमा तपाईंसँग निम्न अधिकारहरू हुन्छन्:

- **निरीक्षण गर्ने र प्रतिलिपिको अधिकार।** तपाईंसँग तपाईंका बारेमा स्वास्थ्य सेवा निर्णयहरू लिन MHS द्वारा प्रयोग गरिने तपाईंका चिकित्सा र बिलिङ रेकर्डहरू निरीक्षण गर्ने र/वा तिनको प्रतिलिपि प्राप्त गर्ने अधिकार हुन्छ। तपाईंसँग MHS लाई तपाईंको चिकित्सा रेकर्डको प्रतिलिपि तेस्रो पक्षलाई पठाउन अनुरोध गर्ने अधिकार पनि हुन्छ। तपाईं आफ्नो रेकर्डको समीक्षा गर्न वा त्यसको प्रतिलिपि प्राप्त गर्न चाहनुहुन्छ भने तपाईंले अनिवार्य रूपमा आफ्ना सेवा प्रदायक वा उपयुक्त चिकित्सा रेकर्ड विभागलाई लिखितमा अनुरोध गर्नु पर्छ।
- **संशोधन अनुरोध गर्ने अधिकार।** तपाईंलाई MHS ले तपाईंका बारेमा राखेको चिकित्सकीय जानकारी गलत वा अपूर्ण छ भन्ने लाग्छ भने तपाईंले MHS लाई सो जानकारी संशोधन गर्न अनुरोध गर्न सक्नुहुन्छ। तपाईंले अनिवार्य रूपमा आफ्ना सेवा प्रदायक वा उपयुक्त चिकित्सा रेकर्ड विभागलाई लिखितमा संशोधनका लागि अनुरोध गर्नु पर्छ। MHS ले तपाईंको अनुरोध स्वीकार गर्छ भने MHS ले तपाईंलाई सूचित गर्ने छ र परिशिष्ट राखेर तपाईंको रेकर्डमा पूरक जानकारी थप्ने छ। MHS ले रेकर्डमा भएको कुरा मेटाउन वा हटाउन सक्दैन। MHS ले तपाईंको अनुरोध अस्वीकार गर्छ भने तपाईंलाई सो अस्वीकृतिको स्पष्टीकरण र तपाईंका अधिकारहरू उपलब्ध गराइने छ।
- **खुलासाहरूको एकाउन्टिङ (हिसाबकिताब) को अधिकार।** तपाईंसँग तपाईंको अनुरोधभन्दा पहिलेको छ वर्षमा MHS ले तपाईंको चिकित्सकीय जानकारीका बारेमा गरेका खुलासाहरूको सूची प्राप्त गर्ने अधिकार हुन्छ। खुलासाहरूको एकाउन्टिङमा गरिएका सबै खुलासा समावेश गरिने छैन र यसमा उपचार, भुक्तानी, स्वास्थ्य सेवा सञ्चालनका लागि गरिएका खुलासाहरू, तपाईंले अनुमति दिनुभएका खुलासाहरू र तपाईंलाई गरिएका खुलासाहरू समावेश हुने छैनन्। खुलासाहरूको एकाउन्टिङ अनुरोध गर्न फ्याक्समार्फत 410-332-0336 मा वा निम्न ठेगानामा पत्राचारमार्फत स्वास्थ्य जानकारी सेवाका निर्देशक (Director of Health Information Services) लाई लिखित अनुरोध पेस गर्नुहोस्: ATTN Health Information Services Department, Mercy Medical Center, 301 St. Paul Place, Baltimore, MD 21202.
- **बन्देजहरू अनुरोध गर्ने अधिकार।** तपाईंसँग MHS ले उपचार, भुक्तानी वा स्वास्थ्य सेवा सञ्चालनका लागि वा तपाईंको स्याहारमा संलग्न परिवारका सदस्य वा अन्य व्यक्तिहरूसँग तपाईंको चिकित्सकीय जानकारी कसरी प्रयोग र खुलासा गर्छ भन्ने कुरामा बन्देज लगाउन अनुरोध गर्ने अधिकार हुन्छ। तपाईंको बन्देजसम्बन्धी अनुरोध तपाईंले पहिले नै पूर्ण भुक्तानी गर्नुभएको विशेष सेवासँग सम्बन्धित तपाईंको स्वास्थ्य बीमा कम्पनीलाई गरिएको खुलासासँग सम्बन्धित नभएसम्म MHS ले सो बन्देजसम्बन्धी अनुरोध स्वीकार गर्न आवश्यक पर्दैन; यद्यपि, सेवा स्वास्थ्य योजना बिलिङ उद्देश्यहरूका लागि "बन्डल" सेवाहरूको समूहको हिस्सा हो भने MHS ले खुलासामा बन्देज लगाउन सम्भव नहुन सक्छ। यदि MHS प्रतिबन्धका लागि सहमत छ भने तपाईंलाई लिखित रूपमा सूचित गरिने छ र MHS ले तपाईंलाई आपत्कालीन उपचार उपलब्ध गराउन चिकित्सकीय जानकारी आवश्यक नपर्दासम्म वा हामीलाई कानुनले तोकेबमोजिम यसलाई खुलासा गर्न आवश्यक नपर्दासम्म MHS ले तपाईंको अनुरोध पालना गर्ने छ। बन्देज अनुरोध गर्नका लागि MHS का गोपनीयता अधिकारीलाई अनुरोध गरिएको बन्देजको विवरण सहितको लिखित अनुरोध पेस गर्नुहोस्।
- **गोप्य रूपमा सञ्चार गर्न अनुरोध गर्ने अधिकार।** तपाईंसँग MHS ले तपाईंको चिकित्सकीय जानकारी वा सेवाहरूका बारेमा निश्चित विधि (अर्थात् MyChart, फोन, पत्राचार) प्रयोग गरेर वा निश्चित स्थानमा तपाईंलाई सञ्चार गरोस् भनेर अनुरोध गर्ने अधिकार हुन्छ। सम्भव भएसम्म MHS ले मनासिब अनुरोधहरूलाई पूरा गर्ने छ। सञ्चारको वैकल्पिक माध्यम अनुरोध गर्नका लागि आफ्ना सेवा प्रदायक वा MHS का गोपनीयता अधिकारीलाई लिखित अनुरोध पेस गर्नुहोस्।
- **यस सूचनाको कागजी प्रति प्राप्त गर्ने अधिकार।** तपाईंसँग कुनै पनि समय यस सूचनाको कागजी प्रति प्राप्त गर्ने अधिकार हुन्छ। कागजी प्रति प्राप्त गर्नका लागि आफ्ना सेवा प्रदायक वा MHS का गोपनीयता अधिकारीलाई सम्पर्क गर्नुहोस्।
- **उल्लङ्घन भएका बारेमा सूचित हुने अधिकार।** MHS ले तपाईंको असुरक्षित चिकित्सकीय जानकारीको उल्लङ्घनका बारेमा तपाईंलाई सूचित गर्न आवश्यक पर्छ।

## यस सूचनामा परिवर्तनहरू

यो सूचना फेब्रुअरी 16, 2026 देखि लागू छ। MHS ले हाल लागू रहेका सूचनाका सर्तहरू अनिवार्य रूपमा पालना गर्नु पर्छ। आफ्ना गोपनीयतासम्बन्धी अभ्यासहरू र यस सूचनामा कुनै पनि समय परिवर्तनहरू गर्ने अधिकार MHS मा निहित छ र MHS ले आफूले पहिलेदेखि नै तपाईंका बारेमा राखेका सबै चिकित्सकीय जानकारीका साथसाथै भविष्यमा प्राप्त गर्ने जानकारीका लागि नयाँ सर्तहरू लागू गर्न सक्छ। सूचनामा परिवर्तनहरू गरिए भने अद्यावधिक सूचना MHS को वेबसाइट https://mdmercy.com मा पोस्ट गरिनुका साथै MHS कार्यालयहरूभरि देखिने स्थानहरू टाँसेर राखिने छ र आवश्यकताअनुसार वितरण गरिने छ।

## प्रश्न वा उजुरीहरू

तपाईंको कुनै प्रश्न छ वा तपाईंलाई आफ्ना गोपनीयतासम्बन्धी अधिकारहरू उल्लङ्घन भएको लाग्छ भने कृपया 301 St. Paul Place, Baltimore, MD 21202 मा अवस्थित MHS का गोपनीयता अधिकारीलाई (410) 576-LAWS (5297) मा फोनबाट वा Compliance@mdmercy.com मा इमेलबाट सम्पर्क गर्नुहोस्। तपाईंले अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभाग (यु. एस. डिपार्टमेन्ट अफ हेल्थ एण्ड ह्युमन सर्भिसेज) मा पनि उजुरी दर्ता सक्नुहुन्छ। उजुरी दायर गरेकोमा तपाईंलाई दण्ड दिइने छैन वा तपाईंको विरुद्धमा प्रतिशोधको कार्य गरिने छैन।

MHS द्वारा तोकिएको सम्बद्ध समेटिएको संस्थाको हिस्सा रहेका सबै संस्थाहरूले यस सूचनालाई पालना गर्छन् र यी संस्थाहरूमा निम्न लगायतका पर्दछन् तर तिनीहरूमा मात्र सीमित हुँदैनन्: Mercy Medical Center, Inc.; North Calvert Anesthesiology Services, LLC; Mercy Transitional Care Services, Inc.; Lutherville Hematology and Oncology Services, LLC; Stella Maris, Inc.; St. Paul Place Specialists, Inc.; Maryland Family Care, Inc.; Teresa Hoffman, M.D. and Associates, LLC; Vascular Specialty Services, LLC; Neurosurgical Specialty Services, LLC; The Emergency Room Physicians SPPS, LLC.

- **English:** ATTENTION: If you speak English, free language assistance services are available to you. Appropriate auxiliary aids and services to provide information in accessible formats are also available free of charge. Call 1-410-332-9000 (TTY: 1-410-332-9888) or speak to your provider.
- **Spanish:** ATENCIÓN: si habla español, tiene a su disposición servicios gratuitos de asistencia lingüística. Llame al 1-410-332-9000 (TTY: 1-410-332-9888).
- **Chinese:** 注意：如果您说中文，我们将免费为您提供语言协助服务。我们还免费提供适当的辅助工具和服务，以无障碍格式提供信息。致电 1-410-332-9000（文本电话：1-410-332-9888）或咨询您的服务提供商。
- **Korean:** 주의: 한국어를 사용하시는 경우, 언어 지원 서비스를 무료로 이용하실 수 있습니다. 1-410-332-9000 (TTY: 1-410-332-9888) 번으로 전화해 주십시오.
- **Russian:** ВНИМАНИЕ: Если вы говорите на русском языке, то вам доступны бесплатные услуги перевода. Звоните 1-410-332-9000 (телетайп: 1-410-332-9888).
- **Vietnamese:** LƯU Ý: Nếu bạn nói tiếng Việt, chúng tôi cung cấp miễn phí các dịch vụ hỗ trợ ngôn ngữ. Các hỗ trợ dịch vụ phù hợp để cung cấp thông tin theo các định dạng dễ tiếp cận cũng được cung cấp miễn phí. Vui lòng gọi theo số 1-410-332-9000 (Người khuyết tật: 1-410-332-9888) hoặc trao đổi với người cung cấp dịch vụ của bạn.
- **French:** ATTENTION : Si vous parlez Français, des services d'assistance linguistique gratuits sont à votre disposition. Des aides et services auxiliaires appropriés pour fournir des informations dans des formats accessibles sont également disponibles gratuitement. Appelez le 1-410-332-9000 (TTY : 1-410-332-9888) ou parlez à votre fournisseur.
- **Tagalog:** PAALALA: Kung nagsasalita ka ng Tagalog, magagamit mo ang mga libreng serbisyong tulong sa wika. Magagamit din nang libre ang mga naaangkop na auxiliary na tulong at serbisyo upang magbigay ng impormasyon sa mga naa-access na format. Tumawag sa 1-410-332-9000 (TTY: 1-410-332-9888) o makipag-usap sa iyong provider.
- **Amharic**: ማሳሰቢያ፡- አማርኛ የሚናገሩ ከሆነ፣ የቋንቋ ድጋፍ አገልግሎት በነፃ ይቀርብልዎታል። መረጃን በተደራሽ ቅርጸት ለማቅረብ ተገቢ የሆኑ ተጨማሪ እገዛዎች እና አገልግሎቶች እንዲሁ በነፃ ይገኛሉ። በስልክ ቁጥር 1-410-332-9000 (TTY:1-410-332-9888) ይደውሉ ወይም አገልግሎት አቅራቢዎን ያናግሩ።
- **Swahili:** MAKINIKA: Ikiwa wewe huzungumza Kiswahili, msaada na huduma za lugha bila malipo unapatikana kwako. Vifaa vya usaidizi vinavyofaa na huduma bila malipo ili kutoa taarifa katika mifumo inayofikiwa pia inapatikana bila malipo. Piga simu 1-410-332-9000 (TTY: 1-410-332-9888) au zungumza na mtoa huduma wako.
- **Nepali:** सावधान: यदि तपाईंनेपाली भाषा बोल्नुहुन्छ भनेतपाईंका लादि दन:शुल्क भादषक सहायता सेवाहरू उपलब्ध छन्। पहुॅंचयोग्य ढाॅंचाहरूमा जानकारी प्रिान िननउपयुक्त सहायता र सेवाहरू पदन दनिःशुल्क उपलब्ध छन्। 1-410-332-9000 (TTY: 1-410-332-9888) मा फोन िनुनहोस्वा आफ्नो प्रिायकसुँि कु रा िनुनहोस्।
- **Yoruba:** Tí o bá ń sọ èdè Yorùbá là ti orílè-èdè Nàìjíríà, Ànfàní Ògb'ifọ wà fún ọ ní ọ̀fẹ́. Àwọn ìròyìn àti ìkéde wa fún ọ ní ọ̀nà ti oyè ní ọ̀fẹ́ Fún ẹkúnréré, e pe ẹ̀rọ ìbáni sọ̀rọ̀ yìí: ookan -ẹẹjọ-eeje-eeje-eejì-ẹ̀ẹ̀san-eeje-eeji-eeji-ẹẹfa-ẹẹfa (1-410-332-9000) (TTY: 1-410-332-9888) kí o si ló onka idanimo oodo- ookan-ẹẹta- eeji- eeje - ookan - ẹẹrin- ookan- eeje-eeji- eeje tàbí ke ba olùpèsè yin ṣòrò.
- **Urdu:** توجہ دیں: اگر آپ اردو بولتے ہیں، تو آپ کے لیے زبان کی مفت مدد کی خدمات دستیاب ہیں۔ قابل رسائی فارمیٹس میں معلومات فراہم کرنے کے لیے مناسب معاون امداد اور خدمات بھی مفت دستیاب ہیں۔ 1-410-332-9000 (TTY: 1-410-332-9888) پر کال کریں یا اپنے فراہم کنندہ سے بات کریں۔
- **Farsi (Persian):** توجه :اگر زبان فارسی صحبت می‌کنید، خدمات پشتیبانی زبانی رایگان در دسترس شما قرار دارد. همچنین کمک‌ها و خدمات پشتیبانی مناسب برای ارائه اطلاعات در قالب‌های قابل دسترس، به‌طور رایگان موجود می‌باشند. با شماره(1-410-332-9000)تله‌تایپ: 1-410-332-9888 تماس بگیرید یا با ارائه‌دهنده خود صحبت کنید.
- **Creole (Cape Verdean):** ATENÇÃO: Caso fale Kabuverdianu, existem serviços de assistência linguística gratuitos disponíveis. Estão também disponíveis apoios e serviços auxiliares adequados para prestar informações em formatos acessíveis. Ligue 1-410-332-9000 (TTY: 1-410-332-9888) ou contacte o seu operador.
- **Portuguese:** ATENÇÃO: Se você fala Português, serviços gratuitos de assistência linguística estão disponíveis para você. Auxílios e serviços auxiliares apropriados para fornecer informações em formatos acessíveis também estão disponíveis gratuitamente. Ligue para 1-410-332-9000 (TTY: 1-410-332-9888) ou fale com seu provedor.